अन्नपूर्ण गाउँपालिकाको चौधौं  गाउँसभामा

गाउँपालिका उपाध्यक्ष श्री चन्द्रकला अधिकारीद्वारा प्रस्तुत

आर्थिक वर्ष २०८०/०८१ को

# बार्षिक आय व्ययको विवरण

# (वजेट)

अन्नपूर्ण गाउँपालिका

माछापोखरी, कास्की

१० असार, २०८०

**श्रद्धेय अध्यक्ष महोदय,**

गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार तथा सुरक्षाकर्मीहरु सबैमा यस अन्नपूर्ण गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को वजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत तथा नमस्कार गर्न चाहन्छु ।

सर्वप्रथम नेपालको युगान्तकारी परिवर्तन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निम्ति विभिन्न चरणका ऐतिहासिक जन-आन्दोलनहरूमा, राष्ट्र र जनताको लागि आफ्नो जीवन समर्पण गर्नुहुने ज्ञात अज्ञात वीर सहिदहरु प्रति सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

अन्नपूर्ण गाउँपालिकाको चौधौं गाउँसभाको दोस्रो बैठक मार्फत मिति २०८०/०३/०८ मा सम्पन्न गाउँसभाको प्रथम बैठकबाट पारित नीति तथा कार्यक्रम अनुसार स्थानीय तह निर्वाचन २०७९ बाट निर्वाचित भई दोश्रो पटक आगामी आ.व. २०उ८०/०८१ को लागि ऐतिहासिक वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्व महसुस उभएको छ । बिगत एक बर्ष हाम्रो लागि नयाँ जिम्मेवारी भएको हिसाबले महत्वपूर्ण सिकाईको अभ्यासको रुपमा रह्यो। त्यही अनुभब र सिकाईलाई प्रयोग गर्दै यस बर्ष बिगतका कमजोरी सच्याउँदै परिष्कृत रुपमा वजेट ल्याउने जमर्को गरी रहेका छौं ।

अन्नपूर्ण गाउँपालिकाको समग्र विकासको खाका तयार गर्नका लागि नीति कार्यक्रम तथा वजेट तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्याउनुहुने हाम्रो गाउँपालिकाका श्रद्धेय अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा गाउँपालिका बासी दाजुभाइ, दिदी बहिनीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै गाउँपालिकाको आ.व. २०७९/०८० लगायत गत विगत वर्षका वजेट तथा कार्यक्रम सफल कार्यान्वयनका लागि अहम भुमिका खेल्नु हुने जन प्रतिनिधीज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु र सम्वन्धीत सवै पक्षमा हार्दिक आभार व्यक्त गर्दछु ।

ऐतिहासिक संविधान सभावाट वनेको नेपालको संविधान २०७२ मार्फत हामी संघीयता संस्थागत गरी कार्यान्वयनको चरणमा छौं । विगतका वर्षहरुमा निर्माण भएका वजेट कार्यान्वयनको चरणमा जाँदा देखिएका कमजोरी र समस्याहरुबाट अनुभव हाँसिल गर्दै, जनताको आवश्यकता, चाहना र कार्यान्वयनको तत्परतालाई ध्यानमा राखि, देशले वि.स. २०७९ साल सम्ममा अति कम विकसित देशवाट विकसित देशमा स्तरोन्नती गर्ने र वि.स. २०८७ साल सम्म दीगो विकासका लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नती गर्नका लागि लिईएको समृद्ध नेपाल, सुखी नेपाली बनाउने राष्ट्रिय लक्ष्य पुरा गर्दै हामिले समृद्ध अन्नपूर्ण गाउँपालिका बनाउने संकल्प गरेका छौँ।

अधिकारमा आधारित विकासको अवधारणा अनुसार स्थानीय बासीहरुलाई विकासमा मूल प्रबाहिकरण गर्ने र गुणस्तरीय सेवा सुविधा प्रदान गर्ने अवस्था सुनिश्चित गर्नका लागि जनताको सबैभन्दा नजिकको सरकारको रुपमा प्रत्यक्ष सरोकारका उल्लेखित विषयहरुलाई सम्बोधन गर्नका लागि गाउँपालिकाबाट घोषित लक्ष्य र उद्देश्यका साथ जनताबाट प्राप्त भएको जिम्मेवारीलाई इमान्दारितापूर्वक पूरा गर्नका लागि यस पालिकालाई "**कृषि, पर्यटन, उर्जा र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार**" को दीर्घकालिन लक्ष्य तय गरी नेपालको संविधान २०७२ को अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूची, संघीय र प्रदेश सरकारले प्रदान गरेको वजेट सिलिङ, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७८ अन्नपूर्ण गाउँपालिकाको आवधिक प्रथम पञ्चवर्षीय योजना २०७५/०७६-२०८०/०८१, मध्यकालीन खर्च संरचना, गण्डकी प्रदेश सरकारको ऐन नियम नीति तथा कार्यक्रम, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु, दिगो विकासका लक्ष्यहरु, क्षेत्रगत राष्ट्रिय नीतिहरु तथा यस गाउँपालिकाबाट पारित नीति तथा कार्यक्रमहरु सहभागितामुलक योजना तर्जुमा प्रकृयाका चरणहरु अवलम्वन गरी सहभागितामुलक ढंगले आगामी आ.व. २०८०/०८१ का लागि यो वजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। यो वजेट तथा कार्यक्रम तर्जुमा गर्दा विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त राय सुझावलाई समेत समावेश गरेको छु।

प्रस्तुत वजेट तयार गर्ने सन्दर्भमा स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, गाउँपालिकाको नीति तथा कार्यक्रम र विभिन्न माध्यमहरुबाट गरिएको प्रतिवद्धता एवं घोषणा तथा गाउँ कार्यपालिकाका निर्णयहरु बमोजिम यस गाउँपालिकाको आगामी आ.ब. को लागि कायम हुने वजेट सीमा भित्र रही कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक विधेयक, २०८० सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न विनियोजन विधेयक, २०८० बार्षिक विकास कार्यक्रम, २०८० पेश गरेको छु।

चालु आ.ब. मा संघिय सरकारबाट समानीकरण अनुदानमा गरिएको कटौतीका कारण सम्पन्न भएका कतिपय बिकास योजनाहरुको भुक्तानीमा चुनौती थपिएको छ भने आगामी आर्थिक बर्षका लागि प्राप्त हुने अनुदान संघीय सरकारबाट घटेको छ। यस कारण हामीले पालिकाको आन्तरिक आम्दानी बढाउँदै स्थानीय श्रोतको पहिचान र परिचालन गर्दै जन आकांक्षाहरुको सम्बोधन गर्न प्रयत्न गर्नुपर्ने अवस्था छ । संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमै रहेकोले अन्तर सरकारको समन्वयलाई मजबुत र प्रभावकारी बनाउदै गाउँपालिकालाई प्राप्त सिमित स्रोत साधन समूचित उपयोग गरी सबै क्षेत्रहरुलाई समेटि समयमै कार्यान्वयन गर्न सक्ने गरी वजेट बाँडफाड गरिएको छ।

**वजेटका उदेश्यहरु**

**आगामी आर्थिक वर्ष २०८०।०८१ को वजेटको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।**

१. सामाजिक र आर्थिक रुपान्तरण मार्फत समृद्ध अन्नपूर्ण गाउँपालिका निर्माण गर्ने,

२. कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी गाउँपालिकालाई कृषि उत्पादनमा आत्म निर्भरताका साथ निर्यात गरी आयआर्जनको माध्यम बनाउने,

३. पर्यटन क्षेत्रको बिकास,पर्यटन प्रवर्धन मार्फत आन्तरिक तथा बाह्य पर्यटक भित्र्याई पर्यटनको माध्यमबाट समग्र गाउँपालिका बासीको आर्थिक स्तर अभिवृद्धि गर्ने

४. सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता, जवाफदेहिता र उत्तरदायित्व कायम गराउने,

५. आर्थिक विकास, गरिवी निवारण, सामाजिक न्याय र समतामूलक विकासको अवधारणालाई अगाडि बढाउदै अन्नपूर्ण बासी जनताको जीवनस्तरमा अभिवृद्धि गर्ने,

६. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रम संचालन गरी जनताको जीवनस्तर अभिवृद्धि गर्ने,

७. दिगो र सन्तुलित विकास, वातावरणीय संरक्षण, तथा सम्वर्द्धन गर्दै दिर्घकालिन विकासको अवधारणालाई सघाउ पुऱ्याउने,

८. आर्थिक अनुशासन तथा वित्तिय शुसासन कायम गर्ने ।

९. **समृद्ध अन्नपूर्ण सुखी अन्नपूर्णबासी जनता** भन्ने अभियानलाई सार्थक बनाउनका लागि श्रम,सिप, प्रबिधि र पुँजीको ब्यबस्थित परिचालन गर्ने ।

१०. आफ्नो टोल टोल,वडा वडा मार्फत अन्नपूर्ण गाउँ हामी आफैं बनाउँ अभियान संचालन गरी समृद्ध अन्नपूर्ण निर्माणको लागि जागरण ल्याउने ।

**वजेटका प्राथमिकताहरू**

सम्मुनत र समृद्ध अन्नपूर्ण निर्माणका लागि अन्नपूर्ण गाउँपालिकाले अनुशरण गरेको "**कृषि, पर्यटन, उर्जा र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार**" भन्ने दिर्घकालीन दृष्णिकोणलाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८०।०८१ को वजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

१. नागरिकहरुको स्वास्थ्य सेवा सर्भसुलव वनाउन स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी वनाउने,

२. आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु सेवामा बिमा कार्यक्रम लागु गरी प्रभाबकारी कार्यान्वयन गर्ने

३. भौतिक पूर्वाधार निर्माणमा गाउँपालिका केन्द्र र वडा केन्द्रहरुलाई जोड्ने रणनीतिक महत्वका सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने साथै सडकहरुको स्तरोन्नतीको लागि पक्की ढलान सडक निर्माणका लागि जोड दिने ,

४. गाउँपालिकाको प्रशासनिक केन्द्रको जग्गा प्राप्ति, पूर्वाधार निर्माण र गाउँपालिका अन्तर्गतका वडाका वडा कार्यालय भवनहरु, विद्यालय भवन लगायतका पूर्वाधार संरचनाहरु र अन्य संघसस्था सामुदायिक भवन निर्माण गर्ने,

५. स्थानीय गोरेटो, घोडेटो तथा सिढिबाटो निर्माण तथा सडक पूल र झोलुङ्गे पूलहरु निर्माण गर्ने,

६. गुणस्तरीय र समुचित खानेपानीको व्यवस्थापनका लागि प्रत्येक घरमा एक घर एक धारा जडान अभियान कार्यक्रम संचालन गर्ने,

७. गुणस्तरीय र सर्वसुलभ शिक्षाका लागि शैक्षिक पूर्वाधारहरुको निर्माण, शिक्षक तथा विद्यार्थीहरुको उत्प्रेरणा अभिवृद्धि गर्ने,

८. कृषि क्षेत्रको उत्पादन उत्पादकत्व अभिवृद्धि र अनुदानका कार्यक्रम मार्फत कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरण मा जोड दिने,

९. पर्यटन पूर्वाधारहरुको निर्माण र विकासका साथ अन्नपूर्ण गाउँपालिका भित्रका पर्यटकीय सम्भावनाका क्षेत्रहरुको समूचित विकास गर्दै पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गर्ने,

१०. आयआर्जन, क्षमता विकास र सशक्तिकरणका साथ मानव संसाधनको विकास गरी गाउँपालिकालाई आकर्षण केन्द्रको रुपमा स्थापित गर्ने,

११. परम्परागत संस्कृति, मठ मन्दिर, गुम्बा तथा धार्मिक पर्यटकीय क्षेत्रहरुको संरक्षण तथा सम्वर्द्धन र घरेलु तथा साना उद्योगहरुको एवं सहकारी क्षेत्रको विकास गर्ने,

१२. महिला, बालबालिका, आदीवासी जनजाति, दलित, जेष्ठ नागरिक, अपाङ्ग लगायत पछाडि परेका वर्गको उत्थान तथा विकासका र सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने,

१३. सरसफाई तथा फोहोरमैला व्यवस्थापन, वन वातावरण संरक्षण र विपद् व्यवस्थापन, हरियाली प्रवर्द्धन र वातावरण मैत्री विकासलाई अगाडि बढाउने,

**१४.** यस गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत, संस्थागत र जनशक्ति विकास गर्ने र प्रबिधि मैत्री सेवा प्रबाह मार्फत सरल, सहज, झन्झट मुक्त नागरिक मैत्री सेवा प्रदान गर्ने ।

**श्रद्धेय अध्यक्ष महोदय,**

म आगामी आ.व.को वजेट प्रस्तुत गर्नु भन्दा अगाडि गत आ.व. २०७८ / ०७९ को यथार्थ आय व्यय विवरण र चालु आ.व. २०७९ / ०८० को संशोधित आय/व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु।

| **आय/व्ययको विवरण** | | | |
|---|---|---|---|
| **क्र.स.** | **विवरण** | **आ.व. २०७८/०७९ को यथार्थ** | **आ.व. २०७९/८० को संशोधित अनुमान** |
| १ | चालु खर्च | ३२,४९,००,६९१ | ४२,०७,५२,६०० |
| २ | पुँजिगत खर्च | २१,८६,७३,७७३ | २६,३७,६३,५४३ |
| **जम्मा** | | **५४,३५,७४,४६४** | **६८,४५,१६,१४६** |

आ.ब. २०७९/८० को बिषयगत क्षेत्र अनुसार वजेट तथा खर्चको विवरण

(श्रावण १ देखि असार ९ सम्म)

| बिषयगत क्षेत्र | खर्च | खर्च प्रतिशत | |
|---|---|---|---|
| आर्थिक बिकास | १७७५३६२१ | ३८.११ | |
| सामाजिक बिकास | २३१६२२११६ | ६६.३७ | |
| पूर्वाधार बिकास | १०७७५१४५९ | ५३.५ | |
| विपद ब्यबस्थापन | २९१०३०८ | ५८.२० | |
| शुसासन तथा अन्तर सम्बन्धित क्षेत्र | १३१७३९४२ | ७७.५३ | |
| कार्यालय संचालन तथा प्रशासनिक | ६७२०११७० | ६०.४८ | |
| जम्मा | | ६०.३४ | |

# विनियोजन विधेयक, २०८०

अन्नपूर्ण गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानिय संचित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

गाउँसभाबाट स्विकृत मिति २०८०।०३।१०

**प्रस्तावना :** अन्नपूर्ण गाउपालिकाको आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि संचितकोष वाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम अन्नपूर्ण गाउँसभाले यो ऐनको विधेयक पेश गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम **" अन्नपूर्ण गाउपालिकाको विनियोजन ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन २०८० श्रावण १ देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०।०८१ को निम्ति सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** (१) आर्थिक वर्ष २०८०।०८१ को निम्ति गाउँ कार्यपालिका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निम्ति अनुसूची १ मा उल्लेखीत चालु खर्च ,पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ५८,७८,७५,०००। (अन्ठाउन्न करोड अठहत्तर लाख पचहत्तर हजार मात्र। )** मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजन** (१) यस ऐनद्वारा संचितकोषबाट खर्च गर्ने अधिकार दिएको रकम आर्थिक वर्ष २०८०।०८१ निम्ति अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भयता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाको बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिऐको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्विकृत रकमको १५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्विकृति लिनुपर्नेछ।

अनुसुचि १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचितकोषबाट विनियोजन हुने रकम

| क्र स | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | **गाउँकार्यपालिका** | ८५०००००० | ५०००००० | | ९०००००० |
| २ | | **वडा समिति** | ० | १७७०००००० | | १७७०००००० |
| ३ | | **विषयगत शाखा** | | | | |
| | | वातावरण तथा विपद व्यवस्थापन कोष | १७०००००० | ४०००००० | | ५७०००००० |
| | | सुशासन तथा संस्थागत विकास | ४३३५००० | ३०००००० | | ४६३५००० |
| | | आर्थिक विकास समिति | ११९६०००० | २६४०००० | | १४६००००० |
| | | सामाजिक विकास समिति | ३०२३४०००० | २१५५०००० | | ३२३८९०००० |
| | | पूर्वाधार विकास समिति | | १४९०५०००० | | १४९०५०००० |
| ४ | | **ऋणको सावा व्याज भुक्तानी** | | | | |
| ५ | | **लगानी (शेयर/ऋण)** | | | | |
| | | **कुल जम्मा** | **४०५३३५०००** | **१८२५४००००** | **०** | **५८७८७५००००** |

अब म यस अन्नपुर्ण गाउँपालिकालाई आगामी आ.व. २०८०/०८१ को लागि स्रोत अनुमान तथा वजेटको सीमा निर्धारण समितिबाट कायम हुन आएको कुल वजेट रकम रु. ५८,६५,७५,०००।– को शिर्षकगत आय विवरण देहाय बमोजिम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

| अगामी आ.ब. २०८०/०८१ को प्रस्तावित आय विवरण | | |
|---|---|---|
| **क्र.स** | **स्रोत/शिर्षकहरु** | **रकम रु.** |
| १ | संघिय समानिकरण | ९८९००००० |
| २ | संघिय राजस्व बाँडफाँट | १०३३६८००० |
| ३ | संघिय समपुरक अनुदान | २०००००००० |
| ४ | संघिय विशेष अनुदान | ८५००००० |
| ५ | संघिय सशर्त अनुदान | २८९४०००००० |
| ६ | प्रदेश समानिकरण | ८७६२००० |
| ७ | प्रदेश राजश्व बाँडफाँट | ७७८५००० |
| ८ | प्रदेश शशर्त अनुदान | ० |
| ९ | प्रदेश समपूरक अनुदान | ५०००००० |
| १० | प्रदेश विशेष अनुदान | ५०००००० |
| ११ | आन्तरिक आय | ३०००००००० |
| १२ | गत बर्षको अल्या | ८७२५००० |
| १३ | स्थानिय राजस्व बाँडफाँट | २०००००० |
| १४ | प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम | ४३५००० |
| | जम्मा | ५८७८७५००० |

| अगामी आ.ब. २०८०/०८१ को प्रस्तावित व्यय विवरण | | |
|---|---|---|
| **क्र.स** | **स्रोत/शिर्षकहरु** | **रकम रु.** |
| १ | संघिय सशर्त अनुदान | २८९४०००००० |
| २ | संघिय समपुरक अनुदान | २०००००००० |
| ३ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ९०००००००० |
| ४ | विषयगत खर्च | १६९५४००००० |
| ५ | प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम | ४३५००० |
| ६ | संघिय विशेष अनुदान | ८५००००० |
| ८ | प्रदेश समपूरक अनुदान | ५०००००० |
| ९ | प्रदेश विशेष अनुदान | ५०००००० |
| | जम्मा | ५८७८७५००० |

उल्लेखित आ.व. २०८०/०८१ को लागि प्रस्ताव गरिएको आय तथा व्यय विवरणमा संघिय ससर्त अनुदान तर्फको सामाजिक सूरक्षा भत्ता वापतको रकम समावेश नगरिएको हुँदा तुलनात्मक रुपमा वजेटको आकार सानो देखिए पनि श्रोत साधनको उपलब्धतालाई मध्यनजर सबै क्षेत्रमा सन्तुलित रुपमा वजेट बिनियोजन गर्ने प्रयास गरिएको छ ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

माथि उल्लेखित प्रस्तावित आयको विवरण अनुसारको आगामी आ.ब २०८०/०८१ को व्ययको लागि विषयगत समिति अन्तर्गत क्षेत्रगत बाँडफाँड देहाय बमोजिम हुने गरी प्रस्ताव गरेको छु ।

१) यस गाउँपालिकाका सबै वडाहरुलाई मध्यपहाडी लोकमार्गसँग जोड्न र सबै सडकहरुलाई बाह्रै महिना संचालनमा ल्याई सडक पँहुच स्थापित गर्नका लागि र अन्नपूर्ण गाउँपालिकाको चक्रपथ निर्माण र अन्य सडक निर्माण एवं स्तरोन्नती गर्नका लागि समपूरक अनुदान सहित विशेष प्राथमिकताका साथ रु. ३ करोड ५० लाख वजेट विनियोजन गरेको छु ।

२) सडक तथा पुल सिंचाई भवन तथा सहरी विकास उर्जा लघु तथा साना जलविधुत संचार सहितका पूर्वाधार विकास आयोजनाहरुको लागि ५ करोड २८ लाख ५० हजार विनियोजन गरेको छु ।

३) वडा स्तरीय पूर्वाधार संरचना निर्माण गर्नका लागि यस गाउँपालिका अन्तर्गतका ११ वटै वडाहरुका लागि रु. १ करोड ७७ लाख वजेट बिनियोजन गरेको छु ।

४) यस गाउँपालिका अन्तर्गतका निर्माण गर्नुपर्ने ६ नं वडा कार्यालय भवन निर्माण सम्पन्न गर्नको लागि रु ६० लाख वजेट विनियोजन गरेको छु ।

५) गाउँपालिका अन्तर्गतका आवश्यक झोलुङ्गे पुल निर्माण गर्नका लागि रु. १५ लाख वजेट विनियोजन गरेको छु ।

६) यस गाउँपालिका अन्तर्गतको आर्थिक विकासको महत्वपूर्ण आधारका रुपमा आर्थिक बिकास समितिसंग सम्बन्धित कार्यक्रमको लागि रु. ९६ लाख वजेट व्यवस्था गरेको छु ।

७) कृषि उत्पादन र उत्पादकत्वको अभिवृद्धि र कृषि क्षेत्रको आय आर्जनको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गर्नका लागि कृषि तथा पशु विकास तर्फ सर्शत अनुदानको कार्यक्रम अतिरिक्त रु. ४५ लाख वजेट बिनियोजन गरिएको छ ।

८) पर्यटन क्षेत्रको विकास र प्रवर्धन एबम पर्यटन सूचना केन्द्रको दिगो संचालन तथा ब्यबस्थापनको लागि रु. ८ लाख वजेट बिनियोजन गरेको छु ।

९) पालिका बासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवाको पँहुच सुनिश्चित गर्न, स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकाको नीति र प्रतिबद्दता बमोजिम गाउँपालिकाका सबै नागरिकको स्वास्थ्य बिमामा ५० प्रतिशत अनुदान सहित स्वास्थ्य तर्फ रु. १ करोड वजेट विनियोजन गरिएको छ ।

१०) आयुर्वेद सेवाको अभिवृद्धि गरी रोग प्रतिरोगात्मक क्षमताको विकास गर्ने, आयुर्वेद उपचार पद्धति, ध्यान शिक्षा तथा योग अभ्यासलाई कार्यान्वयन गर्नका लागि रु. ६ लाख वजेट बिनियोजन गरिएको छ।

११) गुणस्तरीय शिक्षा र सर्वसुलभ शिक्षाका लागि शैक्षिक पूर्वाधार, शिक्षक तथा विद्यार्थी उत्प्रेरणा अभिवृद्धि गर्नका लागि साथै गाउँ पालिकामा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनका लागि रु.१ करोड ४७ लाख, यस गाउँपालिका अन्तर्गत शैक्षिक क्षेत्र विकास कार्यक्रमका लागि रु. २० लाख वजेट विनियोजन गरिएको छ।

१२) युवा लक्षित कार्यक्रम तथा खेलकुदमा प्रोत्साहन गर्नको लागि रु. १० लाख वजेट बिनियोजन गरिएको छ।

१३) महिला बालबालिका तथा जेष्ठ नागरिक दलित, आदिवासी जनजाति उत्थान तथा सशक्तिकरण र उपाध्क्षसँग महिला कार्यक्रमका लागि रु. २३ लाख २५ हजार वजेट विनियोजन गरिएको छ

१४) नागरिकहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने र एक घर एक धारा अभियान कार्यक्रमलाई संचालन गर्नका लागि रु. ४० लाख वजेट विनियोजन गरिएको छ।

१५) आगामी आर्थिक बर्षमा विपद् व्यवस्थापन कार्यका लागि गत बर्ष देखि स्थापित अन्नपूर्ण गाउँपालिका विपद् व्यवस्थापन कोष,वातावरण सरसफाई तथा फोहोर मैला ब्यबस्थापन समेत गरी रु. ५७ लाख विनियोजन गरिएको छ। उक्त वजेटलाई प्राकृतिक तथा दैविक विपत्तीमा राहत, उद्धार तथा पूनस्थापना,ल्याण्डफिल्ड साइट सम्भाव्यता अध्ययन,विपद पुर्व तयारी,वातावरणीय प्रभाब मुल्यांकन,सरसफाई,फोहोर मैला ब्यबस्थापन जस्ता कार्यका लागि प्रयोग गरिनेछ।

१६) मानव संसाधन तथा संस्थागत क्षमता विकास, सूचना प्रबिधि,राजस्व परिचालन, वित्तिय व्यवस्थापन , वित्तिय जोखिम न्युनिकरण, सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षण, आन्तरिक नियन्त्रण प्रणाली, प्रभावकारी सेवा प्रवाह, सुशासन, उत्तरदायित्व र पारर्दशिता र अन्तरनिकाय समन्वय जस्ता विविध कार्यक्रमका लागि रु. ४२ लाख वजेट विनियोजन गरिएको छ।

१७) गैर सरकारी संस्थाहरु वाट आ.व. २०८०/०८१ मा यस गाउँपालिकामा संचालन गरिने योजना तथा कार्यक्रम र वजेट अनुसुचीमा समावेश गरेको छु।

१८) गाउँपालिका भित्रका सहकारी संस्थाको क्षमता अभिवृद्धि, प्रवर्धन र विकास कार्यक्रमका लागि रु. ५ लाख विनियोजित गरिएको छ।

१९) परम्परागत प्राचीन मौलिक संस्कार संस्कृतिको संरक्षण, जगेर्ना, विकास र प्रवर्धनका लागि ढिकुरपोखरीमा संचालन हुने तिज विशेष मेला कार्यक्रम, भदौरेको कोदो महोत्सव, प्रविण

गुरुङ गायन प्रतियोगिता, लुम्ले,शितल गुफा महोत्सब, अन्नपूर्ण म्याराथुन, घान्द्रुक, हनी हन्टिङ प्रतियोगिता, फागु महोत्सव विरेठाटी लगायतका गाउँपालिकाका विभिन्न स्थानहरुमा संचालन हुने मेला, पर्व, महोत्सवमा दिईने अनुदान तथा सहयोगलाई रु. १५ लाख वजेट विनोयोजन गरेको छु ।

२०) गाउँपालिका कार्यालय, वडा कार्यालय संचालन प्रशासनिक तथा चालु खर्च तर्फ रु ९ करोड बिनियोजन गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

उल्लेखित क्षेत्रगत बाँडफाडको विस्तृत विवरण अनुसूचीहरुमा उल्लेख गरिएको छ । आगामी आर्थिक बर्षको लागि प्रस्तावित गरिएको आयोजनागत बाँडफाडको विवरण वार्षिक विकास कार्यक्रममा समावेश रहेको छ । सर्शत अनुदान तर्फको हस्तान्तरित तथा निक्षेपित कार्यक्रमहरु प्राप्त कार्यक्रमका आधारमा संचालन हुने गरी व्यवस्था मिलाईएको छ ।

चालु आ.व. २०७९/८० को हाल सम्मको यथार्थ आय व्यय र आगामी आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय व्यय विवरणहरु, आर्थिक विधेयक र विनियोजन विधेयकमा तथा योजनागत विस्तृत विवरण वार्षिक विकास कार्यक्रम अनुसूचीहरुमा उल्लेख गरेको छु ।

कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक २०८० यसै साथ प्रस्तुत गरेको छु । राजश्व परामर्श समितिको सिफारिसमा आगामी आ.ब. को लागि प्रस्ताव गरिएको करका दरहरुमा समयानुकुल सामान्य हेरफेर गरिएको छ । उक्त कर, दस्तुर सम्बन्धी प्रस्ताव २०८० साउन १ गते बाट लागु हुने गरी व्यवस्था मिलाएको छु ।

**आ व २०८०/०८१ का लागि प्रस्तावित विषयगत/क्षेत्रगत व्ययको विवरण**

| सि नं | विषयगत/ क्षेत्रगत विवरण | चालु | पूजिगत | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वातावरण तथा विपद व्यवस्थापन समिति | १७००००० | ४०००००० | ५७००००० | ०.९७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | सुशासन तथा संस्थागत विकास | ४३३५००० | ३००००० | ४६३५००० | ०.७९ | |
| ३ | आर्थिक विकास समिति | ११९६०००० | २६४०००० | १४६००००० | २.४८ | |
| ४ | सामाजिक विकास समिति | ३०२३४०००० | २१५५०००० | ३२३८९०००० | ५५.१० | |
| ५ | पूर्वाधार विकास समिति | ० | १४९०५०००० | १४९०५०००० | २५.३५ | |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक | ८५०००००० | ५०००००० | ९०००००० | १५.३१ | |
| | **जम्मा** | **४०५३३५०००** | **१८२५४००००** | **५८७८७५०००** | **१००** | |
| | **प्रतिशत** | **६८.९५** | **३१.०५** | | | |

| **आ.व. २०८०/०८१ का प्रस्तावित पुजिगत व्ययको विवरण** | | | | |
|---|---|---|---|---|
| **पुजिगत वजेट १८२५४००००** | | | | |
| सि नं | विवरण | स्थान | रकम | कैफियत |
| १ | समपूरक कोष | | ३५०००००० | |
| २ | वडागत पुजिगत अनुदान (कार्यपालिका सदस्य समेत) | | १७७००००० | |
| ३ | विषयगत समिति (कन्टिन्जेन्सी समेत) | | १२९८४०००० | |
| | | जम्मा | १८२५४०००० | |
| **समितिगत पूजिगत वजेट विनियोजन** | | | | |
| **वातावरण तथा विपद व्यवस्थापन समिति ५७०००००** | | | | |
| १ | संयुक्त सहयोग कार्यक्रम (पाइप खरिद)<br>तार जाली तथा ग्याबिन खरिद<br>भूक्षय तथा पहिरो नियन्त्रण<br>ल्यान्डफिल साईट सम्भाव्यता अध्ययन<br>विपद व्यवस्थापन कोष | | ३०००००० | |

| | | | | |
|---|---|---|---|---|
| २ | फोहोरमैला व्यवस्थापन | | २००००० | |
| ३ | विस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन (यन्त्रिक पुल गापा भवन डिपिआर लगायत) | | २०००००० | |
| ४ | विपद पूर्व तयारी कार्यक्रम लगायत | | ५००००० | |
| | जम्मा | | **५७०००००** | |
| **सुशासन तथा संस्थागत विकास ४२०००००** | | | | |
| १ | सामाजिक परीक्षण | गा पा | ४००००० | |
| २ | सार्वजनिक सुनुवाई चौमासिक | गा पा | ४००००० | |
| ३ | आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि | गा पा | ३००००० | |
| ४ | गाउँपालिका विशेष कार्यक्रम एवम् दिवस | गा पा | २००००० | |
| ५ | मेलमिलापकर्ताको अभिमुखीकरण | गा पा | ३००००० | |
| ६ | पदाधिकारी तथा कर्मचारी  क्षमता विकास | गा पा | ३००००० | |
| ७ | पर्यटन सुचना केन्द्र संचालन तथा लागत साझेदारी कार्यक्रम समेत | गा पा | ८००००० | |
| ८ | Lisa/FRA अभिमुखिकरण तथा सूचना प्रविधि अध्यावधिक | गा पा | ५००००० | |
| ९ | उपभोक्ता समिति तथा टोल विकास समितिको तालिम तथा अभिमुखीकरण | गा पा | ३००००० | |
| १० | न्यायिक समिति तथा न्यायिक निरुपण कार्यक्रम | गा पा | ७००००० | |
| | **जम्मा** | | **४२०००००** | |
| **आर्थिक विकास समिति १६०००००** | | | | |
| १ | उद्योग वाणिज्य तथा वित्तिय संस्था | गा पा | ५००००० | |
| २ | सहकारी विकास शाखा | गा पा | ५००००० | |
| ३ | पशु शाखा | गा पा | ३०००००० | |
| ४ | कृषि शाखा | गा पा | १५००००० | |
| ५ | एक घर एक करेसाबारी कार्यक्रम | गा पा | १००००० | |
| ६ | दुग्ध तथा चल्ला अनुदान | गापा | २०००००० | |
| ७ | पशु बिमा | गापा | ५००००० | |
| ८ | हरितालिका तिज विशेष मेला कार्यक्रम, ढिकुरपोखरी | वडा नं १-३ | २००००० | |
| ९ | कोदो महोत्सव, भदौरे | वडा नं ४ | २००००० | |
| १० | शितलगुफा महोत्सव | वडा न ५ | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | प्रविण गुरुङ्ग गायन प्रतियोगिता, लुम्ले | वडा नं ६ | २०००० | |
| १२ | फागु महोत्सव, विरेठाँटी | वडा नं ८ | २०००० | |
| १३ | हनि हन्टिङग महोत्सव, | वडा नं ७-११ | २०००० | |
| १४ | अन्नपूर्ण म्याराथुन, घान्द्रुक | वडा नं १०-११ | २०००० | |
| १५ | अन्य पर्व मेला महोत्सव | गा पा | २०००० | |
| | **जम्मा** | | **९६०००००** | |
| **सामाजिक विकास समिति** ३९७९०००० | | | | |
| १ | शिक्षा विकास कार्यक्रम | गापा | २००००० | |
| २ | स्वास्थ्य सेवा कार्यक्रम (शिविर संचालन समेत) | गापा | १५००००० | |
| ३ | १५ शैया अस्पताल संचालन खर्च | गापा | १०००००० | |
| ४ | स्वास्थ्य बिमा कार्यक्रम | गापा | ८५००००० | |
| ५ | शिक्षक, ईसिडी शिक्षक तथा विद्यालय कर्मचारी तलब थप | गापा | १४७००००० | |
| ६ | उपाध्यक्षसँग महिला कार्यक्रम तथा बालबालिका लक्षित कार्यक्रम | गापा | १३७५००० | |
| ७ | दलित तथा आदिवासी जनजाती क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | गापा | ५५०००० | |
| ८ | युवा तथा खेलकुद कार्यक्रम (स्काउट समेत) | गापा | १०००००० | |
| ९ | जेष्ठ नागरिक तथा अपाङ्ग लक्षित कार्यक्रम | गापा | २०००० | |
| १० | सामाजिक कुरिति उन्मूलन एवम् लैंगिक उत्तरदायी वजेट परिक्षण | गापा | १००००० | |
| ११ | अति विपन्न तथा असाहय अनाथ हिंसामा परेको सहयोग कोष | गापा | १००००० | |
| १२ | अन्नपूर्ण गाउँपालिका विभिन्न खानेपानी योजना | गापा | ४०००००० | |
| १३ | आयुर्वेद कार्यक्रम | गापा | ६००००० | |
| १४ | प्राविधिक तथा उच्च शिक्षा छात्रवृत्ति (विपन्न) | गापा | २००००० | |
| १५ | परम्परागत धार्मिक संस्कृति संरक्षण (कोट मौला मन्दिर पुजा समेत) | गा पा | ३५०००० | |
| १६ | मठमन्दिर कुवा पोखरी पौवा धारा संरक्षण कार्यक्रम | गापा | ३००००० | |
| १७ | गुरुङ्ग भाषा तलब | गापा | ४६५००० | |
| १८ | आरोग्य केन्द्र | वडा नं १ | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | लोक सेवा आयोग कक्षा संचालन साझेदारी | गापा | २००००० | |
| २० | शिक्षक सेवा आयोग कक्षा संचालन साझेदारी | गापा | २००००० | |
| २१ | उल्लेरी स्वास्थ्य संस्था | वडा नं ९ | १००००० | |
| २२ | पात्लेखेत खानेपानी तथा सरसफाई कार्यक्रम | वडा नं ७ | ७३०००० | |
| २३ | दाविले खानेपानी तथा सरसफाई कार्यक्रम | वडा नं ८ | ६७५००० | |
| २४ | नयाँगाउ खानेपानी तथा सरसफाई कार्यक्रम | वडा नं ९ | ८४५००० | |
| | जम्मा | | ३९७९०००० | |

| | | | | |
|---|---|---|---|---|
| **पूर्वाधार विकास समिति ५२८५००००** | | | | |
| १ | स्थानीय सडक मर्मत संभार कोष | गापा | ४०००००० | |
| २ | स्थानीय झोलुङ्गे पुल साझेदारी कार्यक्रम | गापा | १५००००० | |
| ३ | गाउँपालिका केन्द्र पुर्वाधार निर्माण | गापा | १५००००० | |
| ४ | अन्नपुर्ण रिङ्गरोड विस्तार एवं स्तरोन्नति | गापा | १५००००० | |
| ५ | वडा न ६ को कार्यालय निर्माण | गापा | ६५००००० | |
| ६ | मानव सेवा आश्रम कोठा निर्माण | गापा | ५५०००० | |
| ७ | प्रहरी चौकी निर्माण तथा मर्मत सम्भार | गापा | १०००००० | |
| ८ | भूमेस्थान हनुमान मन्दिर निर्माण | गा पा | १०००००० | |
| ९ | प्यलु संघ क्होइबो धिं | गा पा | १०००००० | |
| १० | शहिद पार्क सम्भाव्यता अध्ययन | गा.पा. | ३००००० | |
| ११ | कलाडाँडा देखी घान्द्रुक बसपार्क सम्म नाली निर्माण | वडा नं ११ | १०००००० | |
| १२ | नयाँपुल सडक स्तरान्नति | वडा नं ६ | १०००००० | |
| १३ | भदौरे प्रेम वस्ती मोटरवाटो स्तरोन्नती | वडा नं ४ | २०००००० | |
| १४ | भित्रीबारी कृषि सडक, फल्लापानी | वडा नं १ | ३००००० | |
| १५ | छवि स्मृति मार्ग स्तरोन्नति | वडा नं १ | ५००००० | |
| १६ | भूमे मन्दिर स्तरोन्नति | वडा नं १ | ५००००० | |
| १७ | गुप्तकालिका मार्ग स्तरोन्नति | वडा नं १ | ५००००० | |
| १८ | मुलपानी कुल मन्दिर स्तरोन्नति | वडा नं १ | २००००० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | नागडाँडा भित्रि सडक स्तरोन्नति | वडा नं १ | ५००००० | |
| २० | ठुलाचौर सडक स्तरोन्नती | वडा न २ | ४००००० | |
| २१ | सेराचौर सौरेनी खण्ड बाटो स्तरोन्नती | वडा न २ | ७००००० | |
| २२ | निवारे बस्ती खण्ड सडक स्तरोन्नती | वडा न २ | ३००००० | |
| २३ | शिवमार्ग देखि रातामाटा खण्ड स्तरोन्नती | वडा न २ | ३००००० | |
| २४ | दिप दमैथोक खण्ड सडक स्तरोन्नती | वडा न २ | २००००० | |
| २५ | गहतेगरा रातामाटा बुढाघर सडक स्तरोन्नती | वडा न २ | ४००००० | |
| २६ | गैराघर देखी कोलमुनी सिढिबाटो | वडा न २ | २००००० | |
| २७ | देउराली धारापानी रानीथोक ग्रामिण सडक स्तरोन्नति | वडा नं ३ | ६००००० | |
| २८ | पत्थर मराइचे काडे घम्पुस ग्रामिण सडक स्तरोन्नति | वडा नं ३ | ५००००० | |
| २९ | ढिकुरपोखरी धारापानी भदौरे ग्रामिण सडक स्तरोन्नति | वडा नं ३ | ७००००० | |
| ३० | घुम्ति हिले काउनडाँडा ग्रामिण सडक स्तरोन्नति | वडा नं ३ | २००००० | |
| ३१ | लक्ष्मी देउराली पत्थर पाउँदुर तल्लो थर ग्रामिण सडक स्तरोन्नति | वडा नं ३ | ३००००० | |
| ३२ | जगता गोलडाँडा ग्रामिण सडक स्तरोन्नति | वडा नं ३ | २००००० | |
| ३३ | भुन परे झोवाङ्ग शितला मा वि बाटो स्तरोन्नति | वडा नं ५ | १५०००००० | |
| ३४ | लुम्ले घुम्ती लुयरा बाटो स्तरान्नति | वडा नं ५ | ५००००० | |
| ३५ | सिद्धथान पहिराको डिल पुरानो गाउँ मोटरबाटो स्तरोन्नती | वडा नं ५ | ५००००० | |
| ३६ | ठोट्ने खोला ढाके सब्जुङ्ग ग्रामिण सडक स्तरोन्नति | वडा नं ६ | ५००००० | |
| ३७ | प्रविण गुरुङ्ग पार्क सिढि बाटो निर्माण | वडा नं ६ | ५००००० | |
| ३८ | नप्रो चण्डी भच्चेक सडक स्तरोन्नति | वडा नं ७ | ४००००० | |
| ३९ | क्रुधु आलुखोर सडक स्तरोन्नति | वडा नं ७ | ३००००० | |
| ४० | लान्द्रुक ढल निकास निर्माण | वडा नं ७ | ३००००० | |
| ४१ | तमु कुटुम साक्र्यु लिग्रा मोटरबाटो स्तरोन्नती | वडा नं ८ | ५००००० | |
| ४२ | स्याउलीबजार तमु मोहोरिया सडक स्तरोन्नती | वडा नं ८ | ५००००० | |
| ४३ | लाम्दुवाली गैरिवाङ्ग साक्र्युँ ग्रा.स. स्तरोन्नती | वडा नं ८ | १०००००० | |
| ४४ | जलकेनी खाउने कुटुम ग्रा.स. स्तरोन्नती | वडा नं ८ | ५००००० | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | बिरेठाँटी आङ्गवाङ्ग दाङसिङ मोहोरिया ग्रा.स. स्तरोन्नती | वडा नं ८ | ५००००० | |
| ४६ | मौजा ग्रा.स. स्तरोन्नती | वडा नं ९ | ५००००० | |
| ४७ | चण्डी मार्ग स्तरोन्नति | वडा नं ९ | ७००००० | |
| ४८ | नयाँगाउँ ग्रा स स्तरन्नोती | वडा नं ९ | ५००००० | |
| ४९ | सोत्रे सिमलबोट ग्रा.स. स्तरोन्नती | वडा नं ९ | ५००००० | |
| ५० | हिले खोल्सा ग्याबिन निर्माण | वडा नं ९ | ३००००० | |
| ५१ | भगवती मा.वी. कम्पाउन्डिङ | वडा नं ९ | ५००००० | |
| ५२ | वनठाटी नाङ्गेठाटी पर्यटन पदमार्द | वडा नं ९ | ३००००० | |
| ५३ | उल्लेरी आ.वी. कम्पाउन्डिङ | वडा नं ९ | २००००० | |
| ५४ | उल्लेरी वनठाटि खानेपानी | वडा नं ९ | २५०००० | |
| ५५ | मौजा जिप पार्क निर्माण | वडा नं ९ | २५०००० | |
| ५६ | तिख्यान नर्थोक मोटरबाटो निर्माण | वडा नं १० | १०००००० | |
| ५७ | सिबै आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण | वडा नं १० | ५००००० | |
| ५८ | सादी खोला शवदाह स्थल निर्माण | वडा नं १० | ५००००० | |
| ५९ | मुर्लुङ्ग खोला कल्भर्ट निर्माण | वडा नं ११ | ५००००० | |
| ६० | छोम्रोङ्ग हुँदै हिडन लेक पर्यटन पदमार्ग | वडा नं ११ | ३००००० | |
| ६१ | अन्नपूर्ण बेसक्याप तोलङघ्यो ताल संरक्षण योजना | वडा नं ११ | ५००००० | |
| ६२ | छोम्रोङ्ग नयाँगाउँ ढल निकास योजना | वडा नं ११ | ३००००० | |
| ६३ | मत्क्यु बाली संरक्षणका लागि तारबार निर्माण योजना | वडा नं ११ | ३००००० | |
| ६४ | उरी बाली संरक्षणको लागि तारबार निर्माण योजना | वडा नं ११ | ३००००० | |
| ६५ | किम्रुङ्ग खोला देखी दुरबिन डाँडा पर्यटन पदमार्ग निर्माण | वडा नं ११ | ३००००० | |
| ६६ | वडा कार्यालय भवन ट्रस्ट निर्माण | वडा नं ११ | ५००००० | |
| ६७ | वडा कार्यालय कम्पाउण्डीङ तथा वडा नं १ को ट्रस्ट निर्माण | गापा | ६०००००० | |
| | | **जम्मा** | ५२८५०००० | |

| समपुरक कोष ३५०००००० | | | | |
|---|---|---|---|---|
| १ | काँडे भदौरे सल्यान सडक अन्नपूर्ण ३ र ४ | वडा नं ४ | १५०००००० | |
| २ | लुम्ले तान्चोक भिच्चुक लान्द्रुक ग्रामिण सडक स्तरोन्नति (संघ) | वडा नं ७ | ५०००००० | |
| ३ | लुम्ले घुम्ती चन्द्रकोट भिचुक लान्द्रुक सडक अन्नपूर्ण ७ (प्रदेश) | वडा नं ७ | ५०००००० | |
| ४ | लागत साझेदारी कार्यक्रम | | १००००००० | |
| | | जम्मा | ३५०००००० | |

**श्रद्धेय गाउँसभाका अध्यक्ष महोदय तथा यस सभाका सदस्य ज्यूहरु,**

कुनै एक क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थहरुलाई मनन् गर्दै वजेट तयार गर्दा सबै क्षेत्रहरुलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु । गाउँपालिकालाई प्राप्त सिमित स्रोत साधनलाई अधिकतम उपयोग गर्ने गरी योजना तथा कार्यक्रमहरुमा बाँडफाँडको व्यवस्था मिलाई सोही अनुसार वजेट विनियोजन गरिएको छ । वजेटले लिएको उद्देश्य प्राप्तिको लागि प्रभावकारी कार्यान्वियन एवम् अनुगमन मूल्यांकन जरुरी हुन्छ, यसका साथै संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यक्रमहरु समेत आवश्यक पर्न जान्छ । उपयुक्त वजेट कार्यान्वयनमा सदाझै सम्पूर्ण गाउँपालिका बासी एवम् सम्वद्ध सबै पक्षहरुबाट सहयोग, सल्लाह रचनात्मक सुझाव एवम् सृजनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने अपेक्षा लिएको छु ।

अन्त्यमा, प्रस्तुत वजेट तर्जुमाको सिलसिलामा हर वखत अमूल्य सुझाव दिई सहयोग गर्नुहुने श्रद्धेय गाउँपालिकाका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु तथा निर्वाचित पदाधिकारीज्यूहरु, गाउँपालिकामा क्रियाशिल राजनैतिक दलका पदाधिकारी ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत एवम् राष्ट्रसेवक कर्मचारीहरु लगायत सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहन्छु । वजेट तर्जुमाका विभिन्न चरणहरुमा सहभागी भई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गाउँपालिका बासीहरु एवम् आम नागरिकहरुमा धन्यवाद दिन चाहन्छु । यस गाउँपालिकाले लिएका दीर्घकालिन नीति कार्यक्रम तथा वजेट र आगामी आ.व.को लागि प्रस्तावित नीति कार्यक्रम तथा वजेट प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा अन्नपूर्ण गाउँपालिकाको भौतिक पूर्वाधार लागयत आर्थिक, सामाजिक, सांस्कृतिक एवम् मानव विकासका क्षेत्रमा सकारात्क प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षहरुबाट सदाझै निरन्तर सहयोगको आवह्वान गर्दै प्रस्तुत वजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावहरुको अपेक्षा सहित, हार्दिक कृतज्ञता प्रकट गर्दै, पुनः सबैमा धन्यवाद सहित विदा हुन्छु ।

**नमस्कार, जय अन्नपूर्ण ।**

**चन्द्रकला अधिकारी**
**उपाध्यक्ष एवम् अन्नपूर्ण गाउँपालिका**
**संयोजक-वजेट तथा कार्यक्रम तर्जुमा समिति**